# लक्ष्मी लघुवित्तको १०औँ साधारण सभा सम्पन्न

लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको १०औँ वार्षिक साधारण सभा मिति २०७८ मंसीर १० गते शुक्रबारको दिन अग्रवाल भवन कमलपोखरीमा सु-सम्पन्न भएको छ । समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुंजी रु.३२ करोड ४५ हजारको २० प्रतिशत बोनस शेयर र ७.३७ प्रतिशत नगद लाभांश (बोनस शेयर र नगद लाभांशमा लाग्ने कर समेत) सर्वसम्मतिले पारित गरेको छ । आगामी आ.व. २०७८/७९ को बैधानिक लेखापरिक्षक रुपमा श्री PKF TR Upadhya & Co.,Chartered Accountants लाई नियुक्ती सँगसँगै बोनस शेयर वितरण पश्चातको प्रवन्धपत्र संशोधन, सञ्चालकहरुको भत्तामा भएको बृद्धिको कारण नियमावली संशोधन र अन्य ईजाजतपत्र प्राप्त “घ” वर्गको लघुवित्त वित्तीय संस्थलाई प्राप्ति (Acquisition) गर्न सञ्चालक समितिलाई प्राप्त अख्तियारीको निरन्तरतालाई साधारण सभाद्वारा सर्वसम्मतिले पारित गरेको छ ।